# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


प.सं. : ०७८/०७९
च.नं : 2926

(१ नं. प्रदेश), नेपाल
मिति :२०७८।११।२९

**विषय :** बेरोजगारहरुको निवेदन पठाउने सम्बन्धमा ।

**श्री वडा कार्यालयहरु सबै (१२ वटै),**
**सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा ।**

यस कार्यालयको च.नं. १७३४ मिति २०७८।१०।२६ को पत्र प्राप्त भई व्यहोरा अवगत भएकै होला । आगामी आ.व. २०७९/०८० मा न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिहरुको निवेदन मिति २०७८ फागुन महिनाभर सम्बन्धित वडा कार्यालयमा तोकिएको ढाँचामा संकलन गरी देहायको प्रक्रिया पूरा गरी मिति २०७८।१२।०५ गते भित्र यस कार्यालयमा उपलब्ध गराउनु हुन जानकारी गराइन्छ । तोकिएको समयभित्र बेरोजगारहरुको निवेदन प्राप्त नभएमा रोजगार व्यवस्थापन सूचना प्रणालीमा विवरण प्रविष्ट गर्न नभ्याइने हुँदा माग भएको समय सिमा भित्रै विवरण उपलब्ध गराउनु हुन अनुरोध छ । समयमा विवरण प्राप्त नभएका कारण बेरोजगारको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्न छुट भएमा वडा कार्यालय स्वयम् जिम्मेवार हुने समेत जानकारी गराइन्छ ।

**द्रष्टव्य :**

- वडा कार्यालयमा प्राप्त भएका सबै बेरोजगार व्यक्तीको निवेदन (विवरण पूर्ण भएका निवेदन मात्र) दर्ता गरि अभिलेख राख्ने ।
- **बेरोजगार सूची निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन, २०७६** को बुँदा ४ बमोजिम निवेदनको छानविन गरी सोही मार्गदर्शनको बुँदा ५ बमोजिम वडा समितिबाट निर्णय गराई वडा अध्यक्षको सिफारिस सहित नगरपालिकामा पठाउने ।
- विवरण पूर्ण नभएका निवेदन वडा कार्यालयमानै फिर्ता हुने भएकाले अपूर्ण निवेदन नगरपालिकामा नपठाउने ।

११।२९.

..............................
विनोद कुमार दाहाल
प्रमुख प्रशासकीय अधिकृत